# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV | YEAR OF OUR LORD JESUS CHRIST, 2024 MAY | No. 05


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

**भजनसंग्रह ७५:१-९**

१. हामी तपाईंमा धन्यवाद चढाउँछौं, हे परमेश्वर, हामी धन्यवाद चढाउँछौं किनकि तपाईंको नाउँ नजिकै छ । मानिसहरू तपाईंका आश्चर्यकर्मको बखान गर्छन् ।

२. तपाईं भन्नुहुन्छ, “उचित समय म ठहराउँछु, निष्पक्षतासाथ न्याय गर्ने म नै हुँ ।

३. जब पृथ्वी र त्यहाँका सबै बासिन्दाहरू काम्छन्, त्यसका खम्बाहरूलाई थामिराख्ने म नै हुँ । सेला

४. अहङ्कारीहरूलाई म भन्दछु, “अहङ्कार नगर ।” र दुष्टहरूलाई भन्दछु, “तिमीहरूको हाँक नदेखाओ ।

५. तिमीहरू स्वर्गको विरुद्धमा आफ्नो हाँक नदेखाओ अनि मुन्टो बटारेर वचन नबोल ।”

६. पूर्वदेखि होस् वा पश्चिमदेखि अथवा मरुभूमिबाट होस्, कसैले पनि मानिसलाई उचाल्न सक्दैन ।

७. तर परमेश्वरले नै न्याय गर्नुहुन्छ, उहाँले एउटालाई होच्याउनुहुन्छ र अर्कालाई उच्च पार्नुहुन्छ ।

८. परमेश्वरको बाहुलीमा एउटा कचौरा छ, जसमा मरमसला मिसाएको छ, फींज भएको मद्य छ । उहाँले त्यो खन्याउनुहुन्छ अनि पृथ्वीका दुष्टहरू सबैले त्यसको थिग्रासम्मै पिउँछन्,

९. तर मचाहिँ सदासर्वदै यो घोषणा गर्नेछु, म याकूबका परमेश्वरको स्तुति गाउनेछु ।

# हाम्रो परमप्रभुको आमाको हृदय !

# OUR LORD'S MOTHERLY HEART!



**आमाले आफ्ना बालकलाई सान्त्वना दिएझैं म तिमीहरुलाई सान्त्वना दिनेछु... (यशैया ६६:१३) ।**

**सम्माननीय प्रधान सम्पादक रेभ. एन्जलीन सेल्भाकुमारी**



हामीलाई स्वर्गीय आशिष्को साथमा आशिष् दिने हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन । यो महिनाले विशेष महत्व राख्दछ किनकि बोलावटको प्रतिध्वनिले विश्वभरि भएका सम्पूर्ण आमाहरूप्रति आमा दिको निम्ति शुभकामना व्यक्त गर्दछ । यस्ता समारोहहरूले धेरैमा आनन्द ल्याउँछ, केही व्यक्तिहरूका निम्ति यसले निरासाको भावना पनि ल्याउन सक्छ । “म आमा होइनँ, यो पढेर किन दिक्क हुने,” भनेर सोच्दै यो सन्देशलाई बीचैमा छोड्नुअघि यो विचार गर्नुहोस्: आमा दिवस मातृत्वको पालनपोषण गर्ने आत्मा प्रतिनिधित्व गर्ने सबैको निम्ति मनाइन्छ । तपाईं बुबा, दाजुभाइ, काका, बहिनी वा काकी जो भए पनि, जसले आमाको भूमिका र जिम्मेवारी लिनुभएको छ, आज तपाईंको बलिदानात्मक प्रेममा रमाउने र सम्झना गर्ने तपाईंको दिन हो ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष




# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



धर्मी जनहरूको उद्धार परमप्रभुको तर्फबाट हुन्छ, दुःखको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ (भजनसंग्रह ३७:३९)।

खीष्टमा प्रियहरू,

**"परमेश्वर र हाम्रा प्रभु येशू खीष्टका पिता धन्यका हुनुहुन्छ"** (१ पत्रुस १:३)।

तपाईंको निरन्तरको प्रार्थना र स्थिर सहायताको निम्ति हामी आफ्नो हृदयका कृतज्ञता अभिव्यक्त गर्दछौं। परमेश्वरको कामप्रति तपाईंको उदारता र समर्पणताको निम्ति परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन्।

"बच्चाहरूका निम्ति भेकेसन बाइबल स्कुल" अवधिभरि परमेश्वरको प्रशस्त आशिष्को प्रमाणको साथमा अप्रिलको तेस्रो सातामा संचालन गरिएको थियो, जुन गहन सफल भएको थियो। चेपकाउ, भेलाचेरी, बालाजी नगर र सन्थोसापूरमका साथमा चेन्नाइमा भएका विविध छिमेकहरूबाट सैयौं बालबालिकाहरू आएका थिए, जुन ठीक योजना गरिएको पाठ्यक्रमद्वारा पवित्रशास्त्रको शिक्षाको साथमा विकास गरिएको थियो। हामी परमेश्वरको उपलब्धताको निम्ति प्रशंसा गर्दछौं र सम्पूर्ण परमेश्वरका समर्पित सेवकहरूमा हाम्रो गहन कृतज्ञता अभिव्यक्त गर्दछौं, जसले यो सेवकाइमा निरन्तर योगदान दिनुभयो।

हामी पास्टर एस. साम सेल्भाराजको जीवनी किताबको ढाँचामा प्रकाशन गर्ने अन्तिम चरणमा छौं। उहाँको सेवकाइबाट तपाईंको आत्मिक वृद्धिमा परमेश्वरले कसरी प्रभाव पार्नुभएको थियो भनेर बिस्तृत रूपमा दश वाक्यमा तपाईंका गवाहीहरू लेख्न हामी अनुरोध गर्दछौं। यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसलाई पनि स्वीकार गर्दछौं।



*Pr. Sam Selva Raj's Autobiography Team*

जसै हामी महिनामा अघि बढिरहेका छौं, हामीलाई समग्र कार्य गर्न बोलाइएको छ। हाम्रो बाइबल कलेजहरूबाट हामीले पचास दीक्षान्तितहरूलाई सहायता गरेका छौं भनेर बताउनु महत्वपूर्ण छ किनकि उहाँहरूले आफ्नो अध्ययनलाई पूरा गर्ने तयारीमा हुनुहुन्छ। यी समर्पित व्यक्तिहरू आफ्नो सेवकाइका प्रयास सुरु गर्न चाँडै नै ग्रामीण र चुनौती भएका क्षेत्रहरूमा जानेछन्। १ जून २०२४ को निम्ति दीक्षान्त समारोह आयोजना गरिएको छ, जसले उहाँहरूको आत्मिक यात्रामा महत्वपूर्ण संकेत बनाउनेछ। यसका साथै, **नहेम्याह बाइबल कलेजमा** नयाँ विद्यार्थीहरूका निम्ति कक्षाहरू ३ जून २०२४ मा सुरु हुनेछ।

हाम्रो नहेम्याह बाइबल कलेजको निम्ति हिन्दी भाषामा राम्ररी पढ्न र लेख्ने विद्यार्थीहरूको पहिचान गर्नको निम्ति तपाईंको निरन्तरको प्रार्थनाको लागि हामी विनम्रतापूर्वक आग्रह गर्दछौं। यसका अतिरिक्त, यो सेवकाइभित्र गरिने सबै प्रयासहरूका निम्ति परमप्रभुको निर्देशन र उपलब्धताको आग्रह

## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
HON. MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

गर्दछौं । हाम्रो गाउँको हाइ स्कुल र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको निम्ति** दुवै विद्यार्थीहरू र संकायको भर्नामा परमेश्वरको ईश्वरीय हस्तक्षेपको खोजी गर्दै प्रार्थनामा एक होऔं ।

असंख्य चुनौतीहरू, बाधाहरू र दबाब दिने आवश्यकताहरूको उपस्थितिमा प्रार्थनामा हाम्रो निर्भरता पहिलेभन्दा अझ महत्वपूर्ण भएको छ । हामीले हरेक बाधामाथि विजय गर्न सकौं भनेर परमेश्वरको अनुग्रह र कृपाद्वारा मात्रै हुन्छ भनेर थाहा गर्दै हाम्रो सेवकाइको पक्षमा तपाईंको निरन्तर मध्यस्थताको लागि हामी इमानदारीतापूर्वक आग्रह गर्दछौं ।

जसै हाम्रो प्रार्थनामा हामीले तपाईंलाई उचाल्छौं, हाम्रो प्रभुका सीमाहीन अनुग्रह तपाईंमाथि प्रशस्त मात्रामा खन्याइएको होस् । आमेन !

खीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

## परमेश्वरको आमाको प्रेम !

आशा गरिएको शर्तहीन बलिदानात्मक प्रेमले मलाई येशू खीष्टको प्रेममा मनन गर्न अगुवाइ गर्छ, जसले हाम्रो मुक्तिको निम्ति स्वेच्छाले आफ्नो जीवन दिनुभयो । उहाँको निःस्वार्थ कार्य, आफ्नो जीवन दिनुभयो ताकि हामी जिउन सकौं, असामान्य प्रेम प्रदर्शन भएको होस् । प्राय: हामीले परमेश्वरको प्रेम पितृसत्तात्मक रूपमा लिने गर्छौं - डोऱ्याउँदै, सुरक्षा गर्दै, अनुशासित गर्दै - पवित्रशास्त्रले परमेश्वरको मातृ चरित्रहरूलाई असंख्य अवसरहरूमा प्रकट गरेको छ ।



यशैया ६६:१३ ले परमेश्वरलाई सान्त्वना दिने आमाको रूपमा देखाएको छ र मत्ती २३:३७ ले परमेश्वरको प्रेमलाई आमाको बलिदानात्मक र शर्तहीन प्रेमसँग तुलना गर्दछ ।

एकातिर हामीले परमेश्वरलाई कडा अनुशासनमा राख्ने, सुधार गर्ने र हामीलाई सिकाउनुहुने परमेश्वरको रूपमा सामना गर्छौं भने अर्कोतिर हामीले उहाँलाई पोषण गर्ने आमाको रूपमा देख्छौं, जसको प्रेम निःशर्त छ, हाम्रा कमजोरीहरूलाई छोप्नुहुन्छ र बिना कुनै न्याय पोषण प्रदान गर्नुहुन्छ ।

यो विशेष अवसरमा, म प्रार्थना गर्दछु कि परमेश्वरले तपाईंलाई निरन्तर सहायता र सहकार्य प्रदान गर्दै आफ्नो मातृत्वमा अंगाल्नुहुनेछ, विशेष गरी एक्लोपनाको समयमा । मार्गको हरेक कदममा उहाँको निःशर्त प्रेमको साथमा तपाईंलाई सान्त्वना दिँदै उहाँको उपस्थितिले तपाईंलाई निश्चयता प्रदान गरोस् ।

## बाइबलमा भएका आमाहरू !

परमेश्वरको मातृ चरित्रहरू विचार गर्दैगर्दा मेरा विचारहरू बाइबलमा भएका केही आमाहरूप्रति डुब्दछ, जसले चुनौतिमय अवस्थाहरूका बीचमा पनि आफ्ना परिवारहरूलाई हुर्काउनमा असामान्य साहस प्रदर्शन गरेका छन् । तीमध्ये एक जना महत्वपूर्ण रूपमा खडा हुन्छिन्: हागार

### १. हागार को थिइन् ?

धेरै जनालाई तिनको कथाको बारेमा थाहा छ तर जति जनालाई थाहा छैन, तिनको परिचय दिन मलाई अनुमति दिनुहोस् । हागार नामको अर्थ “त्याग्नु” वा “भाग्नु” हो, अस्पष्टताको जीवनको प्रतीक, मान्यताविहीन र प्राय: उपहासको अधीनमा रहनु । वास्तवमा तिनी मिश्रबाटकी दास केटी थिइन्, तिनले आफैंलाई अब्राहाम र साराको घरमा पाइन्, सन्तान नभएका जोडी । अचानक, अप्रत्यासित मोडमा साराले सन्तानको आशा गर्दै विवाहमा अब्राहामको अघि तिनलाई सारिन् । एकै क्षणमा हागारको स्तर सानो सेविकाबाट परिवारमा दोस्रो महत्वपूर्ण स्त्रीमा रूपान्तर भयो । त्यसपछि, तिनले गर्भधारण गरिन् र छोरो जन्माइन्, इश्माएल, जसले तिनको स्तरलाई उचालिरहेको थियो । निःसन्देश, हागार आफ्नो नयाँ पाइएको महत्वमा आनन्दित भएकी थिइन्,

**कृपया प्रार्थना गरिदिनुहोस् !**

२०२४ का अप्रिल र मई महिनाभरि सम्पूर्ण भारतमा हाम्रा सेवकाइहरूद्वारा समर भेकेसन बाइबल स्कुल संचालन गरिनेछ । हामीलाई तपाईंको प्रार्थनाको खाँचो छ ।

- सम्पादक

जुन विशेष गरी अब्राहामको पहिलो पत्नी साराप्रति तिनको अवमूल्यन र अन्तरक्रियामा प्रमाणित हुन्छ । आफ्नो उत्तराधिकार लिने उत्तराधिकारीको पक्षमा अब्राहाम पनि आनन्दित थिए, तर परमेश्वरले तिनको वंशको निम्ति भिन्दै योजना बनाउनुभएको थियो भन्ने कुरामा अनजान थिए । तापनि, साराप्रति संवेदनाले भरिएको हागारको व्यवहारले तिनीहरूको सम्बन्धलाई बिगारेको थियो । साराको घृणा वृद्धि भयो, जसले गर्दा हागारप्रति दुर्व्यवहार सुरु भयो । अन्त्यमा, जब साराले परमेश्वरको प्रतिज्ञाअनुसार छोरा जन्माइन्, तिनले हागारको सन्तानसँग आफ्नो छोरा इसहाकको आफ्नो उत्तराधिकार बाँड्ने विचारलाई इन्कार गरिन् । परिणामस्वरूप, साराले हागार र इश्माएललाई निकाल्न अब्राहामलाई बाध्य पारिन् । त्यसकारण, हागारले आफैंलाई उजाडस्थानमा, आफ्नो पतिले त्यागेको, आफ्नो नामको अर्थको मुख्य अर्थ प्रतिध्वनि भइरहेको अवस्थामा पाइन् । एक्लै र गरिब अवस्थामा उनी आफ्नो छोरा इश्माएलसँग घुमिरहेकी थिइन्, बाइबलीय कथाहरूमा आमाहरूले सामना गर्नुपरेको परीक्षाहरूको मार्मिक प्रमाण ।

## २. अनिच्छित सहभागिता - हागार !

अब्राहमसँग उनको विवाहको बारेमा हागारलाई कसैले पनि परामर्श दिएको थिएन, नता उनी अब्राहामसँग अलग हुन चाहना राख्छिन् कि भनेर कसैले सोधपुछ गरेको थियो। उनको जीवनभरि नै उनको अनिच्छित सहभागिताको प्रतिनिधित्व भए पनि उनको इच्छाहरू अरूले नै निश्चित गरेको थियो । अनिच्छाले सहभागी हुने यो भावनासँग हामीमध्ये कति जनाले यसलाई बुझ्न सक्नुहुन्छ ? हागारको आत्मविश्वासको कमी देखिने प्रकारको छ - उनीसँग आफ्नो आवाज थिएन । चाहे पुरुष होस् वा महिला, कसैले विलाप गर्न सक्छ, "मेरो जीवनको सम्पूर्ण निर्णयहरू अरूले नै गरिदिएको छ, कसैले पनि मेरो प्रयासको चाहना गर्दैन, मेरो चाहना वा इचछाको बारेमा कसैले वास्ता गर्दैन । अब अरूले गरेको निर्णयले आफ्नो जीवन जिउने भएको मैले आफैंलाई पाएको छु ।"

प्रिय मित्रहरू, हामीले आफ्नो भरोसा परमेश्वरमा राख्छौं भने "सबै थोक भलाइको निम्ति हुन्छ" भनेर बाइबलले हामीलाई निश्चित गर्दछ । वर्तमानमा त्यो रहस्यमय देखिन सक्छ, परमेश्वरको अनुमतिबेगर केही कुरा पनि हुँदैन । हाम्रो लाभको निम्ति कठिन अवस्थाहरूलाई पनि रूपान्तरण गर्ने शक्ति उहाँमा छ । प्रभु येशू ख्रीष्टको शक्ति त्यस्तो छ - हाम्रो पक्षमा उहाँले कुनै पनि अवस्थालाई परिवर्तन गर्न सक्नुहुन्छ । हाम्रो निम्ति परमेश्वरले के राख्नुभएको छ भनेर हागारले झैं हामीले बुझ्न नसके पनि हामीले आफैंलाई उहाँमा समर्पित गर्छौं भने उहाँले हाम्रो पक्षमा हरेक थोक मिल्ने व्यवस्था गर्नुहुन्छ । भजनसंग्रह ३१:१५ ले बताउँछ, **हाम्रो भविष्य उहाँको हातमा रहेको छ ।** त्यसकारण, तपाईंले आफैंलाई हागारझैं उजाडस्थानमा हिँडिरहनुभएको, अगाडि के छ भनेर अनिश्चित भएको वा सायद भविष्यका कुनै पनि कुरा देख्न नसकेको अवस्थामा भएको पाउनुहुन्छ भने सान्त्वना लिनुहोस् । याद राख्नुहोस्, सम्पूर्ण नियन्त्रण परमेश्वरमा रहेको छ, उहाँले तपाईंका मार्गहरूमा निर्देशित गर्नुहुनेछ । हागारको उदाहरणलाई पछ्याउँदै केवल उहाँको हात थाम्नुहोस् र तपाईंको चाहना उहाँमा समर्पित गर्नुहोस् ।



***Hagar with her son in the desert***

*....Contd. to page 6*

**NEHEMIAH BIBLE**
RESIDENTIAL / EVENING COLLEGE,
Velachery / Chepauk & Santhoshapuram, Chennai.
Medium : Hindi / Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years
Qualification : 10th Standard & above
Certificate in Ministry
Diploma in Theology
Rush for admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ ONLINE CLASSES ARE AVAILABLE ★

ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From May 19 To June 18, 2024**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

मई १९: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सले** आवश्यकतामा परेकाहरूलाई सेवा गर्न समर्पित भएको होस् ।

मई २०: हाम्रा अनुवादकहरू, सहसम्पादकहरू, संयोजकहरू र उहाँका परिवारहरूमाथि आशिष् दिनुभएको निम्ति ।

मई २१: हाम्रो सिनियर पास्टर र उहाँका परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिबाट जोगाउनुभएको निम्ति ।

मई २२: हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूप्रति उहाँले बढाउनुभएको करुणामयी अंगालोको निम्ति ।

मई २३: हाम्रो बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय कोर्सको वृद्धिको निम्ति ।

मई २४: हाम्रा सबै सेवकाइका आवश्यकताको निम्ति आश्चर्यपूर्ण तरिकाले जुटाउनुभएको निम्ति कृतज्ञताको निम्ति ।

मई २५: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सबै सदस्यहरूमाथि आशिष् फैलाउनुभएको निम्ति ।

मई २६: कोलाहल र लडाइँको धम्कीको बीचमा पनि सबै देशहरूमाथि ईश्वरीय सुरक्षाको खोजीको निम्ति ।

मई २७: राजनैति र धार्मिक विरोधका बाबजुद पनि हाम्रा ख्रीष्टियान सेवकाइहरूको निरन्तर संघर्षको निम्ति ।

मई २८: समाजका सबै क्षेत्रहरूमा महिलाहरूको सबलीकरणको निम्ति पैरवीको निम्ति ।

मई २९: राम्रा ख्रीष्टियान शिक्षकहरू र प्रधानाध्यापकको साथमा हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुललाई** आशिष् दिनुभएको निम्ति ।

मई ३०: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर अगुवाहरूमाथि आशिष्को निम्ति ।

मई ३१: हाम्रैं **बोलावटको प्रतिध्वनि सेवकाइका** कर्मचारी र उहाँका परिवारहरूको सुरक्षाको निम्ति ।

जून १: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति नयाँ विद्यार्थीहरू दिनुभएको थियो ।

जून २: हाम्रो सुसमाचारीय छापाखाना र त्यसका प्रभावकारी कर्मचारीको समर्पणताको निम्ति ।

जून ३: हाम्रो पाँच मिनेट यूट्यूब सेन्दहरूका निम्ति बढ्दो सस्क्राइबरहरू र गवाहीहरूमा आनन्द गर्दै ।

## कृपया प्रार्थना गरौं...

जून ४: युवाहरूका बीचमा भएको हिंसा र हत्याका दुष्ट आत्माबाट छुटकाराको निम्ति र तिनीहरू पवित्र आत्माले भरिएका होऊन् ।

जून ५: सबै परिवाहरूमा शान्तिले राज गरेको होस् ।

जून ६: संसारभरि ख्रीष्टियान शैक्षिक संस्थाहरूको असल नाम निरन्तर रहेको होस् ।

जून ७: ख्रीष्टियानहरूले परमेश्वरको वचन प्रतिनिधित्व गरेको र ख्रीष्टको जस्तो चरित्र निर्माण गरेका होऊन् ।

जून ८: हाम्रो सेवकाइको बिस्तार र संसारमा सुसमाचारको फैलावटको निम्ति ।

जून ९: हाम्रो सिनियर पास्टरको जीवनीको सफलताको निम्ति ।

जून १०: सबै मण्डलीहरूमा दुष्ट शक्तिहरूका विरुद्ध ईश्वरीय सुरक्षाको निम्ति बिन्ती गर्दै ।

जून ११: राष्ट्रहरूका बीचमा शान्ति र आर्थिक विकासको निम्ति ।

जून १२: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई सुसज्जित गर्नुभएको निम्ति ।

जून १३: विभिन्न क्षेत्रहरू र आयामहरूमा हाम्रो सेवकाइहरूको बिस्तारको निम्ति ।

जून १४: सम्पूर्ण ख्रीष्टियान संस्थाहरूमाथि आशिष् र सुरक्षा भइरहोस् ।

जून १५: शैक्षिक सत्र २०२४-२५ को निम्ति हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजको निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १६: शैक्षिक सत्र २०२४-२५ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १७: प्रार्थना र आर्थिक सहायताबाट हाम्रो सेवकाइहरूलाई जोगाउनुहुने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूका निम्ति ।

जून १८: पृथ्वीमा उहाँको राज्य बिस्तारमा हामीलाई असंख्य दर्शन दिनुभएको होस् ।

पृष्ठ ४ बाट

उत्पत्ति २१:१४ मा बाइबलले बताउँछ, **“अब्राहामले बिहानै उठेर रोटी र पानीको एउटा मशक हागारको काँधमा राखिदिए र बालकलाई पनि त्यसकै साथ लगाएर बिदा गरिदिए । अनि हागार बेर्शेबाको उजाडस्थान हुँदो डुल्न लागी ।”** धनी अब्राहामले आश्चर्यजनक रूपमा केवल केही खाना र एक मशक पानी मात्रै प्रदान गरे । तिनले अझ उदारचित्तको साथमा दिएको कसैले आशा गर्नेथियो - सायद हागारको साथमा प्रशस्त खानेकुरा र सेवकहरू पठाएर । तापनि, तिनले त्यस्तो गरेनन् । सायद अब्राहामको उद्देश्यहरू स्पष्ट नभए पनि आफ्नो शरण र जुटाइदिनको लागि हागारले परमेश्वरको अनुभव गरेको होस् भनेर तिनले विचार गरेका थिए ।

त्यागिएकी र एक्ली हागारले उजाडस्थानमा एक्ली आमाको रूपमा आफ्नो छोरालाई हुर्काउने डरलाग्दो कामको सामना गरेकी थिइन् । बिना कुनै आर्थिक सहाउता वा भर पर्ने परिवार बिना नै तिनले ठूलो कठिनाइको सामना गरिन् । बाइबलले भन्दछ, **“किनकि तेरा सृष्टिकर्ता तेरा पति हुनुहुन्छ- उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो- इस्राएलका परमपवित्र तेरा उद्धारक हुनुहुन्छ । उहाँ सारा पृथ्वीका परमेश्वर कहलाइनुहुन्छ ।”** यस्ता स्त्रीहरूको पति र उद्धारक परमेश्वर हुनुहुन्छ, जसले सान्त्वना र उत्साह प्रदान गर्नुहुन्छ भनेर बाइबलले निश्चित गराउँछ ।



*Hagar wept for her son*

## ३. हागार र उनको छोरा !

हागार र उनको छोरा दुवैको निम्ति कष्ट निःसन्देश कष्टदायी भएको थियो, छोराको मरणमा परिणत हुँदै । आफ्नो बच्चाको आउन लागेको मृत्युको साक्षी हुनुपर्दा हागारको निम्ति यो हृदयविदारक भएको हुनुपर्छ । उत्पत्ति २१:१६ मा, यस्तो लेखिएको छ, **“मैले छोराको मृत्यु देख्नु नपरोस् ।”**

आफ्नो छोरालाई जीवित राख्न चिन्तित भएकी उनी रोइन्, तैपनि अन्त्यमा उनी शक्तिहीन थिइन् । तपाईंले अत्यन्तै माया गरेर राखेका कुनै थोक तपाईंको हातबाट गुमिरहेको कुरालाई हेर्न कति पीडादायी हुन्छ भनेर कल्पना गर्नुहोस् । उनको अन्धकारमय क्षणमा, हागार सहायता र सान्त्वनाको निम्ति परमप्रभुतिर फर्किन् र पुकारा गरिन् ।

आमाको सुन्दर चरित्रहरूको आशा गर्दै परमेश्वरले तिनीहरूका छोराछोरीलाई आशिष्को मार्गको रूपमा कसरी आमाहरूलाई सेवा गर्नुहुन्छ भनेर हामी साक्षी हुन्छौं ।

**आफ्नो छोराको निम्ति आमाले निरन्तर परमेश्वरमा निवेदन गर्छिन् !**

### *(क) जब आमाले पुकारा गर्छिन्, परमेश्वरले तिनको छोराको आकस्मिक आवश्यकता देख्नुभयो !*

पद १७ मा, जब तिनीहरूको पानी सिद्धियो, हागार र उनको छोराको बल कमजोर भयो र आफैंलाई निरासामा दिए । पीडाले भरिएर हागारले आफ्नो छोराको मृत्युको साक्षी हुन सहन सकिनन् । भविष्यको निम्ति आशा वा दिशाबाट भड्केर तिनीहरू उजाडस्थानमा लक्ष्यरहित भएर घुम्न थाले । जसै तिनीहरूको खानेकुरा सिद्धियो, उनको छोराको मृत्युको आउन लागेको भय सहन नसकिने बनेको थियो ।

**आफैंचाहि उतापट्टि एक काँडले पार गर्ने दूरीमा बसी किनकि मैले यो बालक मरेको हेर्नु नपरोस् भनी त्यसले मनमा सोची । अनि हागार त्यहाँ बसेर डाँको छोडी-छोडी रुन लागी** (उत्पत्ति २१:१६) ।

जब आमाले पुकारा गरिन्, परमेश्वरले उनको बच्चाको समस्यामा ध्यान दिनुभयो । हाम्रा प्रार्थनाद्वारा परमेश्वरले सुन्नु मात्रै हुन्न तर हामी आँसु देख्ने र हाम्रा कष्टलाई पनि महसुस गर्नुहुन्छ । **मेरो आँसु तपाईंको फिरिस्तमा राखिदिनुहोस्** (भजनसंग्रह ५६:८) । जब आमाहरूले आफ्ना सन्तानको निम्ति प्रार्थना गर्नुहुन्छ र बिन्ती गर्नुहुन्छ, परमेश्वरले तिनीहरूका आवश्यकतामा ध्यान दिनुहुन्छ । जब बाइबलले परमेश्वरले “केटोको पुकारा” सुनिरहनुभएको बारेमा बताउँछ, त्योचाहिँ आमाको पुकारा थियो, जसले परमेश्वरको प्रतिक्रियालाई सुरुवात गरेको थियो ।

बाँकी पृष्ठ ९ मा

## नहेम्याह बाइबल कलेज

### दीक्षान्त समारोह, २०२३-२०२४

**स्थानः** **बीकेएन हल, पूरासावाल्काम, चेन्नाइ- ०७**

**मितिः** **१ जून २०२४ (शनिवार)**

**समयः** **साँझ ५ बजे**

करिब ५० जना विद्यार्थीहरूले आफ्नो अध्ययन पूरा गर्नेछन् र मिसनको क्षेत्रमा पठाइनेछ ।

हामीलाई २०२४-२०२५ शैक्षिक सत्रको निम्ति तामिल र हिन्दी कोर्सको निम्ति ७५ जना विद्यार्थीहरूको आवश्यकता छ । कृपया यसको निम्ति प्रार्थना गरिदिनुहोला ।

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminy Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,000/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

# येशू ख्रीष्ट कस्तो प्यारो मित्र !

## मेरो उद्धारक जीवित हुनुहुन्छ (अयूब १९:२५)।

मेरो सेवकाइका सुरुका दिनहरूमा परमेश्वरले अनुमति दिनुभएका असंख्य परीक्षहरू र कठिनाइहरू मैले सहेको थिएँ। स्थायी सेवकाइको मुख्यालय स्थापना गर्ने दर्शन पूरा गर्न नसक्ने कुरालाई प्रकट गर्दै आर्थिक समस्याले मलाई बलियो गरी थिचेको थियो। परिणामस्वरूप, मैले आफैंलाई निरन्तर अघि बढिरहेको, बारम्बार आवासहरू र कार्यालयहरू परिवर्तन गर्दै रहेको पाएँ।

सन् १९८० को वर्षमा विशेष कुरताको साथमा रोगले मलाई ग्रसित बनाएको थियो। विशेष गरी मेरो घाँटीमा, अनि ज्वरो र मेरो शरीरभरि नै फैलिरहेको असहनीय पीडाको महामारीले गर्दा मैले आफैंलाई दयनीय अवस्थामा पाएको थिएँ। मेरो सबैभन्दा निरासाको कुराचाहिँ मैले सेवकाइ गरेको स्थानमा मुख्य गरी अविश्वासीहरू थिए, जसले मलाई एक्लो छोडे र स्थानीय बासिन्दाहरूले मलाई असहयोग गरे। मेरो रोग र एक्लोपनाको गहिराइको समयमा केवल एक रातको लागि मात्रै साथ दिनको लागि बिन्ती गर्दै मैले आफ्ना साथीहरूलाई बोलाएँ। उहाँहरूलाई मेरो विगतको सहायताको बाबजुद पनि उहाँले क्रुरतापूर्वक इन्कार गर्नुभयो। एक्लोपनामा सताईंदै मैले अकल्पनीय पीडाको रात सहनुपरेको थियो।

अर्को बिहानी दयालु व्यक्तिहरूले मलाई सरकारी अस्पतालमा पुर्‍याइदिए, जहाँ फेरि एक पटक मलाई मेरो कष्टमा एक्लै त्यागिएको थियो। पीडादायी दिनहरूलाई सहेपछि मेडिकल अधिकारीहरूले सर्जरी गर्नु अत्यन्तै महत्वपूर्ण छ भनेर निर्धारण गर्नुभयो। तापनि, मेरा अवस्थाहरूमा मैले यस्तो प्रक्रियाबाट गुज्रिने बारेमा आफैंलाई लुकाएँ र त्यसको साटो प्रार्थनातिर फर्किएँ। सांसारिक आरामदायी कुराहरूका निम्ति विकल्प भए पनि मैले आफ्नो हृदय परमेश्वरमा पोखाएँ, मैले आफ्नो सेवकाइमा सामना गर्नुपरेका असंख्य चुनौतीहरू बताएँ। "मैले आफ्नो आचरण तपाईंलाई खुलस्त गरिदिएँ र तपाईंले जवाफ दिनुभयो" (भजनसंग्रह ११९:२६)।

त्यसपछि, जब मैले निरन्तर प्रार्थन गरें, एक रात मैले आफूमाथि परमेश्वरको चङ्गाइको हातको ईश्वरीय छुवाइ महसुस गरें। विश्वासले मेरो अस्तित्व बगाएको थियो र मैले तुरुन्तै मेरो अनुभव डाक्टरलाई बताएँ। डाक्टरले करुणाको साथमा प्रतिक्रिया दिँदै जवाफ दिनुभयो, "मैले बुझें र धेरै ख्रीष्टियानहरूले येशू ख्रीष्टले आफूलाई निको पार्नुहुन्छ भनेर दाबी गर्दै उपचारलाई इन्कार गर्छन्। तपाईंले पनि त्यस्तै घोषणा गरिरहनुभएको छ।" त्यसपछि, उहाँले मलाई सर्जरी वा सिफारिस गरिएको औषधीको निम्ति दबाब नदिई मलाई अस्पतालबाट डिस्चार्ज गरिदिनुभयो। साँच्चै, मैले उहाँमा विश्वास गरेअनुसार नै मेरो कष्टबाट मलाई छुटकारा दिएर मेरो विश्वासअनुसार परमेश्वरले आफ्नो शक्ति प्रदर्शन गर्नुभयो।



***Divine touch of Jesus Christ!***

परमेश्वरले मलाई करिब ३६ वर्षअघि पूर्णरूपले निको पानुभएको थियो र त्यसपछि, त्यो रोगबाट म फेरि ग्रसित भएको छैनँ। सवारी चलाउँदा खराब र उबडखाबड बाटोबाट भएर जाँदा पनि मैले ढाडको दुखाइ वा घाँटीको दुखाइ कहिल्यै अनुभव गर्नुपरेको छैन। कार्यालयको काम र प्रचारको तयारीको बीचमा मेरो दैनिकी २० घण्टासम्म चलिरहन्छ, तैपनि थकानले मलाई विरलै समस्या दिन्छ। परमेश्वरको चङ्गाइले मलाई कष्टबाट मात्रै अलग राखेको छैन तर प्रशस्त आशिष् पनि ममाथि वर्षिएका छन्। सुरुवातमा मेरो साथमा एक जना मात्रै मित्र हुनुहुन्थ्यो तर अहिले परमेश्वरले म र मेरो सेवकाइ दुवैलाई सुसज्जित गर्दै संसारभरि मित्रताको फैलावटको साथमा मलाई आशिष् दिनुभएको छ।

प्रिय मित्र, यो संसारको अन्धकारमा हामीलाई डोर्‍याउँदै हाम्रो प्रभु येशू ख्रीष्ट सबैमाथि अद्वितीय रूपमा खडा हुनुहुन्छ। तपाईंको परमेश्वर र साँचो मित्रको रूपमा उहाँलाई अंगाल्नुहोस् र तोकिएको समयमा उहाँले धार्मिकताको मार्ग प्रकट गर्नुहुनेछ। तपाईंले उहाँलाई आफ्नो जीवनमा तपाईंको प्रभु र मुक्तिदाताको रूपमा अझै पनि निम्त्याउनुभएको छैन भने अहिले नै गर्नुहोस् र उहाँको ईश्वरीय निर्देशनको अधिनमा सेवाको यात्रा सुरु गर्नुहोस्। उहाँको नेतृत्वले मलाई दिनहुँ कायम राख्छ र उहाँले तपाईंको निम्ति पनि त्यही नै गर्नुहुनेछ भनेर म निश्चित छु।

यशैया ४३:१९ ले घोषणा गर्दछ, **...म मरुभूमिमा एउटा बाटो र रूखो जमिनमा खोलाहरू बनाउँदैछु।**

*******

पृष्ठ ६ बाट

परमेश्वरले हागारको जस्तो साहसी पुकारामा मात्रै प्रतिक्रिया दिनुहुन्न तर इश्माएको जस्तो शान्त बिन्तीमा पनि प्रतिक्रिया दिनुहुन्छ ।

तपाईंले जुनसुकै कारणको निम्ति आफ्नो बच्चाको निम्ति आज निरन्तर प्रार्थना गरिरहेको पाउनुभएको छ भने परमप्रभुमा पुकारा गर्नुहोस् किनकि उहाँले मात्रै तपाईंको बच्चाको आवश्यकताहरू पूरा गर्न सक्नुहुन्छ । क्रूसमा मर्नुभएको र फेरि जीवित हुनुभएको परमप्रभुको खोजी गर्नुहोस्, हामी सबैको निम्ति विजय निश्चित गर्नुहोस् ।

### *(ख) जब आमाले पुकारा गरिन्, उनी आफ्नो छोराको स्थानमा खडा भइन्:*

जब हागारको छोरामा स्पष्ट शब्द बोल्ने शक्ति कमी भयो, उनले आफ्नो छोराको भूमिका विचार गरिन् र प्रार्थना गरिन् । यो भावनात्मक क्षणमा, आमाको प्रेम वृद्धि भएको थियो, जसै उनले आफ्नो थकित छोराको पक्षमा हस्तक्षेप गरिन् । शक्ति र चाहनामा कमजोर भएको उसले आफैंलाई निरासामा दिएको थियो । तापनि, उसको साटोमा तिनले आफ्नो आवाज उचालिन् र पुकारा गरिन् ।

योचाहिँ मातृत्वको बलिदानात्मक स्वभावको करार हो, जसले हाम्रा छोराछोरीको निम्ति बिन्ती गर्न हामीलाई कर लाउँछ । सायद तपाईंसँग परमेश्वरको प्रेमबाट अलग भएका वा शारीरिक वा मानसिक समस्याले ग्रसित छोरा वा छोरी हुन सक्छ । तिनीहरूले प्रार्थना र विश्वासलाई पुरानो थोकको रूपमा लिए पनि तपाईं तिनीहरूका निम्ति धाँदोमा खडा हुन सक्नुहुन्छ । धाँदोमा खडा हुनको निम्ति आमाले तिनीका पक्षमा परमेश्वरमा बिन्ती गर्दै तिनीहरूको आत्मिक र सांसारिक आवश्यकताको निम्ति निरन्तर प्रार्थना गर्नुपर्छ ।

जब आमाले प्रार्थना गरिन्, परमेश्वरले सुन्नुभयो र जवाफ दिनुभयो ।

हाम्रा छोराछोरीको हीतको निम्ति ईश्वरीय बिन्ती गर्नु हाम्रो गम्भीर जिम्मेवारी हो । आमाहरू, आफ्ना छोराछोरी र नातिनातिनीहरूका निम्ति पुकारा गर्दै प्रार्थनामा आफ्ना आवाज उचालौं ।

### *(ग) जब आमाले पुकारा गर्नुभयो, छोराले आशिष् पायो र भविष्यका योजना प्रकट भए ! - पद १८-२०*

जब आमाले पुकारा गरिन् र बिन्ती गरिन्, परमेश्वरले आश्चर्यजनक रूपमा पानी मात्रै प्रदान गर्नुभएन तर उनको छोराको जीवन पनि फिर्ता दिनुभयो । उहाँले भव्य लक्ष्यमा जानकारी दिँदै उसलाई कठिन व्यक्तित्वमा रूपान्तर गर्नुभयो । यसका अतिरिक्त, आमाको निरन्तर बिन्तीको प्रतिक्रियामा परमेश्वरले इश्माएलको भविष्यको बारेमा उनलाई प्रकट गर्नुभयो ।



*Hagar's son*



*Angel of God spoke to Hagar*

**उठ्, गएर बालकलाई उठा र त्यसको हात बलियो गरी पक्री नै राख् किनभने म त्यसबाट एउटा ठूलो जाति खडा गर्नेछु** (उत्पत्ति २१:१८) ।

जब आमाहरूले प्रार्थना गर्नुहुन्छ, हाम्रा छोराछोरीको भविष्यको बारेमा ईश्वरीय प्रकाशहरू प्रकट हुन्छन् । हामीले जवाफ अरू कहीँ खोज्नु जरुरी छैन, परमप्रभुले ती प्रार्थना गर्ने आमाहरूलाई प्रकट गर्नुहुन्छ । त्यसकारण, प्रार्थना गर्ने आमाको जिम्मेवारी अंगालौं, हाम्रा छोराछोरीको निम्ति पुकारा गर्न र धाँदोमा खडा हुन तयार होऔं ।

*******


## चाहियो

**बोलावटको प्रतिध्वनिको नहेम्याह बाइबल कलेज, चेन्नाइ (एटिए उम्मेद्वार)**

**१. डिन (आवासीय):**

एम.डिभ. वा एम.टिएच. डिग्री भएको हिन्दी ईश्वरशास्त्री र अनुभवी, बोर्डिङ, बसोबास र तलब प्रदान गरिनेछ

योग्य उम्मेद्वारले बायोडाटा पठाउन सक्नुहुन्छ:

इमेल: sam@echoofhiscall.org

WhatsApp: (+91) 98410 71858


## कृपया ध्यान दिनुहोस्!

### पास्टर एस. साम सेल्भाराजको जीवनी !

हामी पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्ने अन्तिम चरणमा छौं । उहाँको सेवकाइबाट तपाईंको आत्मिक वृद्धिमा परमेश्वरले कसरी प्रभाव पार्नुभएको थियो भनेर छोटकरीमा करिब दश वाक्यमा लेखर आफ्नो गवाहीहरू पठाइदिनुहुन हामी अनुरोध गर्दछौं । यसका अतिरिक्त, जीवनीमा राख्नको निम्ति तपाईंले फोटो प्रदान गर्न सक्नुहुन्छ भने हामी त्यो पनि स्वीकार गर्छौं ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |

SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th MAY 2024**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**